**पिट्सबर्ग सिटीले नयाँ भर्नालाई फ्रिज गर्ने कार्यान्वयन गर्छ**

पिट्सबर्ग, PA (मे 4, 2020), मेयर William Peduto ले कोभिड-१९ को प्रकोपका कारणले बजेटमा पार्ने गम्भीर प्रभावमा पैसा बचाउने प्रयास स्वरूप सिटी सरकारमा हाल पदपूर्ति नभएका 60 भन्दा बढी पदहरूमा नयाँ भर्नालाई फ्रिज गर्ने कार्य लागू गरेको बताउनुभयो।

64 वटा पदमा नयाँ भर्ना नलिनाले सिटीलाई तलबमा अनुमानित $३ मिलियन बचत हुनेछ।

"सिटीका विशेष गरी फ्रन्ट लाइनमा का गर्ने सहितका कामदारहरूको समर्पण र त्याग यस प्रकोपको बेलामा पूर्ण रूपमा प्रदर्शन भएको छ र सिटीका सबै निवासीहरूकोतर्फबाट उहाँहरूको जन-सेवाको कामको लागि जति धन्यवाद दिंदा पनि कमी हुन्छ" मेयरले भन्नुभयो। "हामीले यो नयाँ भर्नालाई होल्डमा राख्नुपर्छ, यद्यपि, यस संकटको कारणले हाम्रो बजेटमा देखा पर्ने ठूलो खाडललाई पूर्न मद्दत गर्छ।

मेयर Peduto ले राष्ट्रपत Donald J. Trump लाई दुई हप्ताअघि सिटीका लागि आपतकालीन संघीय वित्त व्यवस्था प्राप्त गर्नका लागि सिटीको आम्दानी सन् २०२० मा $६०८ मिलियन बाट घटेर $४८१ मिलियन हुने जसबाट कूल $१२७ मिलियन नोक्सान हुने अनुमान गरिएको कुरा नोट गरी पत्र लेख्नुभएको छ। सन् 2020-2024 सम्मको पाँच वर्षको अवधिमा सिटीले कुल $239 मिलयन गुमाउने अनुमान लगाएको छ जुन 7.5% कमी हो।

यस समयमा अन्य कुनै बजेट कटौतीहरू कार्यान्वयन गरिंदैन, यद्यपि सिटी विभागका निर्देशकहरूलाई सहरभर कम्तीमा १०% गैर-व्यक्तिगत खर्चहरू कटौती गर्ने बारे समीक्षा गर्न निर्देशन दिइएको छ।

नयाँ भर्ना फ्रिज गर्ने कार्यले विभाग अनुसार निम्न 64 वटा पदपूर्ति नगरिने पदहरूलाई प्रभाव पार्ने छ:

**मेयरको कार्यालय**

-कार्यालय प्रबन्धक

**व्यवस्थापन र बजेट कार्यालय**

-मुख्य वित्त अधिकारी

-सहायक निर्देशक,

**नवीन प्रक्रिय र कार्यसम्पादन सञ्चालन गर्ने**

-वरिष्ठ व्यवस्थापक आवेदनहरू

-सहायक आवेदन प्रशासक

-प्रोजेक्ट संयोजक

-GIS विश्लेषक

**वित्त**

-वित्त प्रणाली विश्लेषक

-लिपिक विशेषज्ञ 1

**कानून**

-सहयोगी वकील

## HRCS

-प्रशिक्षण तथा विकास संयोजक

-प्रतिभा अधिग्रहण संयोजक

-HR विशेषज्ञ

**सिटी प्लानिङ**

-सामुदायिक मामिला सम्पर्क

-वरिष्ठ योजनाकार

-योजनाकार 2

-लिपिक विशेषज्ञ 2

## PLI

-सरकारी तथा सार्वजनिक सम्बन्ध सम्पर्क

-2 संयुक्त सञ्चालन निरीक्षक

-अनुप्रयोग प्रविधिज्ञ

**सार्वजनिक सुरक्षा प्रशासन**

-एकसाथ सुरक्षित रहनुहोस PGH संयोजक

-2 आपतकालीन व्यवस्थापन योजनाकार

-लेखापाल

**प्रहरी**

-यो वर्ष तीनको सट्टामा दुईवटा भर्ना कक्षा

-2  प्रशासनिक विशेषज्ञ

-8 लिपिक विशेषज्ञ 1

-क्लर्क 2

-6 पूर्णकालीन क्रसिङ गार्डहरू (यसले विद्यमान क्रसिङ गार्ड कार्यक्रममा कुनै प्रभाव हुँदैन)

**पशु नियन्त्रण**

-पशु नियन्त्रण अधिकारी

**आगलागी**

-आगलागी सम्बन्धी कक्षा 24 जना उम्मेदवारको सट्टामा 32 जनाको साथ अगाडि बढाइनेछ

## EMS

-जुलाई भर्ना अगाडि बढ्नेछ, थप समीक्षाको लागि अक्टोबर होल्डा रहनेछ

**सार्वजनिक कार्य प्रशासन विभाग**

-लिपिक विशेषज्ञ 2

**DPW सञ्चालन**

-2 जना निरीक्षक 1

-2 जना निरीक्षक 1

**पार्क र मनोरञ्जन**

-5 जना Rec नेतृत्वकर्ता 1

-प्रशासक सहयोगी

-वित्तीय तथा सम्झौता संयोजक

-3 जना सामुदायिक केन्द्र निर्देशक

**गतिशीलता र पूर्वाधार**

-नीति विश्लेषक

-सञ्चार विशेषज्ञ

-2 जना प्रोजेक्ट इन्जिनियर

-वरिष्ठ प्रणाली विश्लेषक

-कार्यकारी सहायक